नि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २०७ २०७८ साल चैत ४ गते शुक्रबार (18 Mar. 2022 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**कोभिडबाट सचेत रहौं**

- कोरोना संक्रमणको जोखिम अझै कायम छ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ।
- तत्काल कोरोना विरुद्धको खोप लिऔं।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : विश्वविद्यालयमा हडताल ... ३ पृष्ठमा : व्यावहारिक र वैधानिक उपयुक्त ... ३ पृष्ठमा अफगानिस्तानमा विगत सात ...

# रौतहट बस दुर्घटनामा सप्तरीका ७ जनासहित एक दर्जन भन्दा बढी घाइते



**दैनिक समाचारदाता**
**रौतहट, ३ चैत ।**

पूर्व पश्चिम राजमार्ग अन्तर्गत रौतहटको चन्द्रपुर नगरपालिकामा बिहिवार बिहान बस दुर्घटनामा एक दर्जनभन्दा बढी व्यक्ति घाइते भएका छन् ।

पूर्वतर्फ आइरहेको लु.२ख. ४७५८ नम्बरको बसलाई ना.७ख. २०८१ नम्बरको बसले पछाडीबाट ठक्कर दिँदा सो दुर्घटना भएको हो । पश्चिमतर्फ जाँदै गरेको प्र२-०३-००५प१५४ नम्बरको मोटरसाइकललाई बचाउने क्रममा २०८१ नम्बरको बसले अर्को बसलाई ठक्कर दिएको थियो ।

दुर्घटनामा सप्तरीको अग्नीसाइकर कृष्णसवरन गाउँपालिका४ का २३ वर्षीय धनराज यादव, सप्तरीकै बोदे बरसाईन नगरपालिका ४ का ३१ वर्षीय मो. अंसारुल, सोही ठाउँका ४ वर्षीय राम तुल्लाह मियाँ, सप्तकोशी नगरपालिका १० का ६५ वर्षीय चतुर चौधरी, कञ्चनरुप नगरपालिका ८ का २८ वर्षीय प्रशुन मलिक, सोही नगरपालिका ६ का २६ वर्षीय कमानन्द चौधरी र राजविराज नगरपालिका ८ का ३२ वर्षीय राजकुमार सेठ घाइते भएका छन् ।

त्यस्तै, सिराहाको धनगढीमाई नगरपालिका ८ का २५ वर्षीय धर्मेन्द्र महतो, सोही ठाउँका २३ वर्षीय अजय कुमार महतो र धनगढीमाई नगरपालिका ९ का ३० वर्षिय राम प्रकाश महतो घाइते भएका छन् ।

त्यस्तै, उदयपुरका ४० वर्षिय कृष्ण घिमिरे, उदयपुरको कटारी नगरपालिका १ का ३१ वर्षिय हरिबहादुर अधिकारी, सिन्धुलीका ३७ वर्षीय विष्णु बिक, सर्लाहीको हरिवन नगरपालिका ११ का २६ वर्षिय अनिष भन्ने यम बहादुर खडका घाइते भएको इलाका प्रहरी कार्यालय चन्द्रपुरले जनाएको छ ।

घाइते सबैलाई हात, खुट्टा, टाउको र शरीरका विभिन्न भागहरुमा चोट लागेको छ । उनीहरुलाई उपचारको लागि चन्द्रनिगाहपुरस्थित एपोलो सिटी अस्पताल र चन्द्रपुर अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।

# होली मनाउन घर आएका फरार अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३ चैत ।**

होली मनाउन घर फर्किएका चोरी घटनामा फरार एक अभियुक्त तीन वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा राजविराज ६ निवासी २५ वर्षिय श्यामबाबु साह छन् ।

होली मनाउन घर आएको गोप्य सूचना आएपछि पुगेको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो । चोरी मुद्दामा सप्तरी जिल्ला अदालतबाट २०७६ जेष्ठ १५ गते एक महिना ४ दिन कैद र ३० हजार जरिवानाको फैसला भए लगत्तै फरार भएका उनी बिहीबार घरमै लुकिबसेको अवस्थामा पक्राउ परेका हुन् ।



घटनाको भोली पल्टै पक्राउ परेका उनी केही दिन थुनामा बसेर धरौटीमा छुटेका थिए । अदालतको फैसला आएलगत्तै भने उनी फरार भएका थिए ।

पक्राउपछि अदालतमा उपस्थित गराइएका साहलाई आदेशानुसार बिहीबार नै राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

२०७५ साल पुस १४ गते राजविराज ७ निवासी शिवनारायण साहको घरआंगनमा राखिएको पीकअप भ्यानमा लोड गरिएको डेढ लाख भन्दा बढी मुल्यको किराना सामान चोरी गरेको आरोपमा उनी उपर चोरी मुद्दा अन्तरगत कारवाही चलाइएको थियो ।

# फेरि बढ्यो पेट्रोलियम पदार्थको मूल्य

काठमाडौं, ३ चैत (रासस) ।

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ । बुधबार बसेको निगम सञ्चालक समितिको बैठकले बुधबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको मूल्यमा प्रतिलिटर रु ५ वृद्धि गरेको हो ।

यस्तै हवाई इन्धन (आन्तरिक) तर्फ प्रतिलिटर रु १५ र हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर २०० वृद्धि भएको निगमले जनाएको छ । निगमले खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत राखेको छ । मूल्यवृद्धिसँगै काठमाडौं उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर रु १५५, डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर रु १३८, हवाई इन्धन (आन्तरिक) को मूल्य प्रतिलिटर १५१ र हवाई इन्धन (अन्तर्राष्ट्रिय) को मूल्य प्रतिलिटर अमेरिकी डलर १.४९५ पुगेको छ ।

मूल्यवृद्धि गर्दा पनि आगामी १५ दिनमा करिब रु चार अर्ब ६६ करोड नोक्सानी हुने निगमले जनाएको छ । सञ्चित बचत सकिएको र घाटा उच्च भएकाले इन्डियन आयल कर्पोरेशनलाई भुक्तानी गर्न रकमको अभाव भएको निगमले जनाएको छ । आइओसीलाई भुक्तानी गर्न नपुग रकम मूल्य स्थिरीकरण कोष तथा अन्य वित्तीय संस्थाबाट ऋण लिनुपर्ने बाध्यात्मक अवस्था रहेको निगमका सहप्रवक्ता पुस्कर कार्कीले बताउनुभयो ।

# विभिन्न क्षेत्रबाट खैरो हेरोइन कारोबारमा संलग्न १२ पक्राउ

काठमाडौं, ३ चैत (रासस) ।

लागुऔषध खैरो हेरोइन कारोबारमा संलग्न १२ व्यक्तिलाई प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले पक्राउ गरेको छ ।

मुलुकका विभिन्न क्षेत्रमा लागुऔषध नियन्त्रण तथा अवैध कारोबारी पक्राउ गर्न ब्यूरोबाट परिचालित टोलीले उपत्यकाकालगायत विभिन्न क्षेत्रबाट खैरो हेरोइनसहित उनीहरुलाई पक्राउ गरेको हो ।

उपत्यकामा लागुऔषधको अवैध कारोबार भइरहेको भन्ने सूचनाका आधारमा खोजतलासमा खटिएको प्रहरी टोलीले उनीहरुको साथबाट १९१.७१० ग्राम खैरो

***बाँकी अन्तिम पृष्ठमा***




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# सूचना ! साधारण सभाक सूचना

एहि श्री चित्रगुप्त सेवा समिति, सप्तरी राजविराजक ४७ म साधारण सभा निम्नानुकुलक दिनाङ्क, समय आ स्थानमे सम्पन्न होएबाक भेल निर्णय अनुरुप समितिक सम्पूर्ण साधारण, आजीवन आ मानार्थ सदस्यलोकनिके जानकारी हेतु ई सूचना प्रकाशन कएल गेल अछि ।

समितिक विधान भाग ६, दफा ७ अनुरुप निर्धारित दिनाङ्क, समय आ स्थानपर आयोजित होइवाला एहि साधारण सभामे अपनेक गरिमामय उपस्थिति प्रार्थनीय अछि । समितिक विधान भाग १० दफा १२.२ अनुरुप ई सूचना प्रकाशन करैत साधारण सभामे उपस्थित भऽ सफल बना देबाक हेतु समस्त सरोकारवालामे विनम्रतापूर्वक हार्दिक आग्रह अछि ।

**<u>४७ म साधारण सभाक :</u>**

**स्थान :** श्री के.अ.मा.वि.स्थित श्रोत केन्द्र भवन, राजविराज
**दिनाङ्क :** वि.सं. २०७८ साल चैत १२ गते (ई.सं. २६ मार्च २०२२) शनिदिन
**समय :** दिनक ११ बजेसँ

**<u>प्रस्ताव सूची</u> :**

(१) समितिक बार्षिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(२) समितिक लेखा प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(३) छात्रबृत्ति समितिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन,
(४) निर्वाचन समितिक प्रतिवेदन प्रस्तुत आ अनुमोदन तथा गठन,
(५) आगामी बर्षक कार्ययोजना आ आय-व्यय सम्बन्धमे,
(६) नवकार्यकारिणीक गठन सम्बन्धमे,
(७) विविध वा अन्य ।

**विनित/ प्रार्थी**
**महासचिव**
**श्री चित्रगुप्त सेवा समिति**
**सप्तरी, राजविराज**

## सम्पादकीय

### आपसी सद्भावका साथ रंगहरुको पर्व होली मनाऔं

रंगहरुको पर्व होली आज तराई मधेशमा मनाइदै । हिजो पहाडी क्षेत्रमा मनाइयो । उल्लास र समानताको यस पर्वले मानव मात्रमा कल्याण एवं भाइचाराको सन्देश प्रवाह गर्दछ । परम्पराबाट शुरु भएको होलीले अहिले आफ्नो पुरानो स्वरुप परिवर्तन गर्दैछ । होलीको यस्तो स्वरुप परिवर्तन सकारात्मक भने पक्कै पनि होइन । आजभोलीका होली बढी अराजक बन्दै गएको छ भने संस्कृति मास्ने काम समेत भइरहेको छ । होलीका परम्परागत गीत र लोकबाजाहरुको सट्टा आधुनिक र अश्लील गीतहरुले स्थान लिदै गइरहेका छन् । अश्लील शब्द राखेर रचना गरिएका अश्लील गीतहरुको बढ्दो प्रयोगले नयाँ शैलीको होली विकसित हुँदै गएको महसुस हुन थालिएको छ ।

यसरी विस्तारै यस प्रकारको शैलीले प्रश्रय पाउँदै आफ्नो आकृति बनढाउँला भन्न सकिन्न् । मादक पदार्थको घैंटोमा चुर्लुम्म डुबेर ढलको पानी छ्याप्दै, ओठमा फोहोर गाली भुण्ड्याउँदै आफुलाई संस्कृतिको संवाहक ठान्ने प्रवृत्ति बढी देखिन्छ । यता हरेक वर्ष हर्षोल्लासका साथ मनाइने होली पर्व विगत दुई वर्षदेखी खुल्लेयाम मनाउन सकिएको थिएन् । तर, यस वर्ष कोरोना महामारीको त्रास केही कम भएपछि होली पर्व आपसी भाइचारालाई कायम राख्दै मनाइन लागिएको छ ।

खुल्ला रुपमा मनाइने यो पर्वमा आपसी भाइचाराका साथ एक आपसमा सद्भाव समेत राख्नु उत्तिकै जरुरी छ । यद्दपी कोरोनाको त्रास पूर्ण रुपमा समाप्त नभएको बेला सकेसम्म होली पर्व सुरक्षित रुपमा घरमै मनाउन प्रयत्न गर्नु पर्छ । तसर्थ होली सौह्रादपूर्ण वातावरणमा मनाउन सकिए पक्कै पनि संस्कृतीलाई पनि जिवित राख्न मद्दत मिल्ने छ ।

# विश्वविद्यालयमा हडताल नगर्न शिक्षामन्त्रीको आग्रह

काठमाडौं, ३ चैत (रासस) ।

शिक्षा विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विश्वविद्यालयहरुमा बन्द-हडताल नगरी समस्याको निकास खोज्न प्राध्यापकहरुलाई आग्रह गर्नुभएको छ ।

नेपाल प्राध्यापक सङ्घका पदाधिकारीसँग बुधबार सिंहदरबारस्थित मन्त्रालयमा छलफल गर्दै मन्त्री पौडेलले स-साना कुरालाई लिएर विश्वविद्यालयमा हडताल गर्नु गलत भएको बताउँदै भन्नुभयो, "लोकतान्त्रिक मर्यादाअनुरूप माग प्रस्तुत गर्न पाइन्छ, लामो समयसम्म पढाइ अवरुद्ध हुने गरी विश्वविद्यालयमा गरिएको हडताल रोक्नुपर्‍यो । प्राध्यापक सङ्घले गृहकार्य गरी समस्या बुझेर समाधानको निकास निकाल्ने गरी पहल गर्नुहोस् ।"

उहाँले सबै विश्वविद्यालयका सेवा आयोगहरू एकै प्रकृतिको भएकाले एकरूपता कायम गरिने बताउनुभयो । प्राध्यापकका सेवासुविधा सम्बन्धमा सबै राष्ट्रसेवकलाई एउटै मापदण्ड बनाएर अघि बढ्ने योजनामा रहेको मन्त्री पौडेलले बताउनुभयो ।

विश्वविद्यालयहरु समस्या परे मात्र मन्त्रालयमा आउने गरेको भन्दै नियमन संयन्त्र र स्वायत्तको स्पष्ट खाका तयार गर्नुपर्ने पनि मन्त्री पौडेलले बताउनुभयो ।

विश्वविद्यालयहरूले समस्या परेका बेला मन्त्रालयमा आउने तर अरू जिम्मेवारी, अनुशासन र नियमन सुधारका अवस्थामा स्वायत्त भएको भन्ने गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो नियमन संयन्त्र र स्वायत्तताको स्पष्ट खाका तयार गर्नुपर्ने भएको आवश्यकतामा जोड दिनुभयो । त्रिभुवन विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयका रुपमा विकास गर्ने तयारी रहेको जानकारी पनि उहाँले दिनुभयो ।

"राष्ट्रिय प्रकृतिका विश्वविद्यालयहरू विषयगत विशिष्टीकरणका आधारमा केन्द्रीय विश्वविद्यालयको मातहतमा रहनेगरी तयारी गरेका छौं," मन्त्री पौडेलले भन्नुभयो, "उच्च शिक्षालाई नियमन गर्ने गरी ऐनमाथि छलफल भइरहेको छ ।"

छलफलमा सङ्घका तर्फबाट बुद्धबहादुर थापाले प्राध्यापकहरूको मर्यादाक्रम २०७४ सालको मन्त्रिपरिषद्को बैठकबाट निर्णय भएर राजपत्रमा आइसकेकाले कार्यान्वयनका लागि पहल गरिदिन आग्रह गर्नुभयो ।

प्राध्यापकहरुको तलबमान सार्कस्तरीय बनाउनुपर्ने, त्रिवि र नेपाल संस्कृत विश्वविद्यालयका प्राध्यापकहरूको निवृत्तिभरण उपलब्ध गराउनुपर्ने, प्राध्यापक र विश्वविद्यालयका शिक्षक कर्मचारीहरुलाई समेत निजामती अस्पतालभन्दा बेग्लै किसिमको स्वास्थ्य सेवाको व्यवस्था हुनुपर्ने लगायतका माग राखेर लामो समयदेखि आंशिक प्राध्यापक तथा विभिन्न विद्यार्थी सङ्गठनहरुले त्रिभुवन विश्वविद्यालयमा तालाबन्दी गर्दै आइरहेका छन् ।

# मिथिलामा तीन दिन होली

महोत्तरी, ३ चैत (रासस) ।

मधेश प्रदेशमा यसपालि लगातार तीन दिन 'होली' पर्व मनाइने भएको छ । तिथि र मध्यमा परिक्रमाका कारण गर्दा यसपालि लगातार तीन दिन पर्वको तयारी देखिएको हो ।

मधेशका पर्वते समुदायले बिहीबार पूर्णिमाका दिन 'होली' मनाइरहेका छन् भने मधेश प्रदेशका मूल मधेशीले पूर्णिमाको भोलिपल्ट 'होली' मनाउँछन् । मिथिला क्षेत्रमा माध्यमिकी परिक्रमाको जनकपुरधाममा गरिने अन्तर्गृह परिक्रमा सम्पन्न गरेर त्यसको भोलिपल्ट 'होली' मनाउने अर्को परम्परा छ । यसअनुसार बिहीबार जनकपुरधाम आइपुगेको परिक्रमा भोलि अन्तर्गृह परिक्रमा गरेर शनिबार होली मनाउने तयारीमा छ ।

छोड्दो पूर्णिमा तिथिमा पर्वते समुदायले र मधेशी समुदायले उदाउँदो पूर्णिमा अर्थात् चैत कृष्ण प्रतिपदाका तिथिमा होली मनाउने परम्परा भए पनि जनकपुर क्षेत्रमा अन्तर्गृह परिक्रमाको भोलिपल्ट पर्व मनाइने गरिन्छ । यसअनुसार शनिबार पनि होली खेलिने भएको छ । "माध्यमिकी परिक्रमाका यात्री डोलासहित बिहीबार जनकपुर आए, अब भोलि अन्तर्गृह परिक्रमा हुनेछ, त्यसैले यहाँ शनिबार होली मनाइने छ", मोफसलका पत्रकार वीरेन्द्र रमणले भन्नुभयो ।

परिक्रमासँग सम्बन्धित भएर जनकपुर क्षेत्रमा पर्वको निर्धारण गरिन्छ भने अन्य क्षेत्रका आम मधेशी पूर्णिमाको भोलिपल्टै 'होली' मनाउँछन् । "बिहीबार पूर्णिमाका दिन पर्वते समुदायका मधेशी पर्व मनाउँदैछन्, हामी मूल मधेशी भोलि (शुक्रबार) मनाउँछौं", स्थानीय भङ्गाहा-४ का जवाहर महतोले भन्नुभयो ।

तिथि घटबढ र परिक्रमा परम्पराले पर्व लगातार तीन दिन परे पनि यहाँ सांस्कृतिक घुलमिलले सबै 'होली' मा मिसिन्छन् । मधेश बिहीबारदेखि नै होलीको रङमा रङ्गिंदो छ । यो क्रम अब शनिबारसम्म रहनेछ । सबैको हातमा अबीरका झोली..! सबैको एउटै बोली, जय होली..!! 'बुरा नमानो होली है !' जताततै होलीको रौनक एकाबिहानैदेखि देखिँदो छ । यसैबीच पर्वलाई सभ्य र शालीन ढङ्गले मनाउन प्रशासनिक निकाय र सामाजिक सङ्घ संस्थाले आग्रह गरेका छन् । 'होली' सत्य र अहिंसाको प्रतीक पर्व भएकाले जबर्जस्ती रङ हाल्ने, लोला हान्ने र अरुलाई बाधा पर्ने गरी मादक पदार्थ सेवन गरी होहल्ला गर्ने पक्षलाई निरुत्साहित गर्न पर्ने सबै निकायले को आग्रह गरेका हुन् ।

## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चूल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हैतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करवा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीं कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# व्यावहारिक र वैधानिक उपयुक्त निकास दिन आयोग तयार : प्रमुख निर्वाचन आयुक्त थपलिया

काठमाडौँ, ३ चैत (रासस) ।

आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा भाग लिन दर्ता भएका ७३ राजनीतिक दलका उम्मेदवारलाई तत् तत् दलको निर्वाचन चिह्न दिने सन्दर्भमा केही शर्तसहित दलका जिल्लागत क्रियाशीलता र सङ्गठनको विवरण उपलब्ध गराउन निर्देशन दिइएको छ ।

आयोगको बुधबारको बैठकले राष्ट्रिय दलको मान्यता प्राप्त नगरेका तर स्थानीय तह निर्वाचन भाग लिन दर्ता भएका दललाई केही सर्तसहित निर्वाचन चिह्न दिने सन्दर्भमा जिल्लागत सङ्गठन र क्रियाशीलता खुलाएर विवरण पठाउन पत्रचार गर्ने निर्णय गरेको हो । राष्ट्रिय दलका रुपमा नरहेका तर २०७४ सालको निर्वाचनमा भाग लिई निश्चित मत हासिल गरेका दललाई पुरानै निर्वाचन चिह्न दिनसक्ने अवस्था सिर्जना गर्न पहल र प्रक्रिया अघि बढाउने निर्णय भएको प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले जानकारी दिनुभयो ।

अन्तिम नामावली प्रकाशन हुन पूर्वनै जुनजुन जिल्लाको मतपत्र छापेर पठाउन पर्ने हो, ती जिल्लाका हकमा अहिले उक्त दलको सङ्गठन संरचना र क्रियाशीलता रहन्छ त्यसका आधारमा आकलन गरी यही चैत १० गतेभित्र मतपत्रको डिजाइन गर्न पर्ने भएकाले आयोगले दर्ता भएका ७३ दललाई सरचनासहितको विवरण माग गरेको हो ।

उहाँले भन्नुभयो, "निर्वाचन स्वच्छ, निष्पक्ष, स्वतन्त्र, विश्वसनीय र मितव्ययीरुपमा सञ्चालन गर्ने सन्दर्भमा विवरण प्राप्त भएपछि सकारात्मक र उचित सम्बोधन गर्न आयोग तयार छ । व्यावहारिक र वैधानिक उपयुक्त निकास दिन्छ ।"

अघिल्लो निर्वाचन त्यसपछि दर्ता भई स्थानीय तह निर्वाचनमा भाग लिन पुनः दर्ता भएका दललाई पनि उनीहरुलाई उपलब्ध गराएकै निर्वाचन चिह्न सक्ने अवस्था सिर्जना गर्नका निम्ति आयोगले सकारात्मक पहल गरिरहेको छ ।

स्थानीय तह निर्वाचन ऐनबमोजिम राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गरेका दलका उम्मेदवारबाहेक अन्यलाई पार्टीको चुनाव चिह्न नदिने विद्यमान प्रावधानमा सुधार गर्न कोसिस गरेको छ ।

अघिल्लो निर्वाचनको मतपरिणामका आधारमा राष्ट्रिय मान्यता प्राप्त नगरेका दललाई आगामी निर्वाचनका लागि आफ्नो दलको कुन कुन जिल्लामा जिल्लास्तरका सङ्गठनात्मक संरचना छ, सोको विवरण तयार गरी दलको केन्द्रीय पदाधिकारीले प्रमाणित गरी आगामी आयोगमा पेश गर्न पत्रमा निर्देशन दिएको आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

आयोगमा उपलब्ध गराउन भनिएको जिल्लास्तरको सङ्गठनात्मका संरचना विवरण यही चैत ६ गते जिल्ला निर्वाचन कार्यालयमा पेश गर्न पर्ने भनिएको छ । जिल्लाका सङ्गठनात्मक र क्रियाशीलताका विवरण निर्वाचन कार्यालयमा पेश गर्न निर्देशन दिन तथा उपलब्ध विवरण आवश्यक जाँचबुझ गरी अभिलेख राखी सम्बन्धित निर्वाचन कार्यालयले चैत ७ गतेभित्र आयोगमा मेलमार्फत उपलब्ध गराउन पनि आयोगले भनेको छ ।

तोकिएको विवरण समयभित्र पेश नगर्ने राजनीतिक दलको उम्मेदवारलाई स्थानीय तह निर्वाचन ऐन, २०७३ अनुसार स्वतन्त्र उम्मेदवारलाई प्रदान गरिने निर्वाचन चिह्न नै प्रदान गर्ने विज्ञप्तिमा उल्लेख छ । आयोगमा प्राप्त दलको जिल्ला समितिको विवरण भिडेको आधारमा आयोगले निर्णय गरी मतपत्रमा सो दलको निर्वाचन चिह्न उल्लेख गर्नेछ ।

सोबाहेक अन्य जिल्लामा मतपत्रमा दल विशेषको निर्वाचन चिह्न नभएमा त्यहाँका स्थानीय तह निर्वाचन दलको तर्फबाट उम्मेदवार भए पनि स्वतन्त्र समूहको निम्ति छुटचाइएको निर्वाचन चिह्न प्रदान गरिने आयोगले जनाएको छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### अफगानिस्तानमा विगत सात महिनामा १८० मिडिया आउटलेट बन्द

अफगानिस्तान (काबुल), ३ चैत (रासस-एएनआई) ।

तालिबानले सत्ता कब्जा गरेपछि अफगानिस्तानमा गत सात महिनामा ४७५ मध्ये १८० मिडिया आउटलेट बन्द गरिएका छन् ।

मङ्गलबार अफगानिस्तानको नेशनल हाउस अफ जर्नलिस्टले आफ्नो पछिल्लो सर्वेक्षणमा तालिबानले कब्जामा लिएपछि अफगान मिडिया आउटलेट सबैभन्दा बढी प्रभावित भएको बताएको छ जसको परिणाम स्वरूप युद्धग्रस्त देशमा २९० मिडिया आउटलेट मात्र सक्रिय सञ्चालनमा छन् । लगभग ६० प्रतिशत पत्रकार बेरोजगार छन् ।

अफगानिस्तानको नेशनल हाउस अफ जर्नालिस्टका प्रमुख सैयद यासिन मतीनले सञ्चारमाध्यमलाई व्यापकरूपमा बन्द गर्नुको कारण आर्थिक समस्या र देशमा पेशेवर मिडियाकर्मीको पलायन भएको बताएका छन् ।

आर्थिक संकट र अफगानिस्तानमा मिडियाको विदेशी समर्थनको रोक बाहेक अफगान पत्रकारले उद्धृत जानकारीमा पहुँचको कमी हुनुलाई देशको मिडियाको लागि अर्को ठूलो समस्या भनिएको छ ।

अर्कोतर्फ, अफगानिस्तानको इस्लामिक इमिरेट्सले यस्ता दावीलाई अस्वीकार गर्दै आएको छ ।

उनीहरूले अफगानिस्तानमा मिडिया आउटलेट बन्द हुनु भनेको उनीहरूका दाताको अवरोधका कारण भएको बताएका छन् । उनीहरूले अफगान पत्रकार र मिडियालाई प्रतिबन्ध लगाएको अस्वीकार गरेको, खामा प्रेसले रिपोर्ट गरेको छ ।

गत वर्षको अगस्टमा अफगान सरकारको पतन र तालिबान सत्तामा फर्किएपछि अफगानिस्तानमा मानवअधिकारको अवस्था झन् बिग्रिएको छ । देशमा द्वन्द्व समाप्त भए पनि मानवअधिकारको गम्भीर उल्लङ्घन जारी छ ।

तालिबानले गैरन्यायिक मृत्युदण्ड, जबरजस्ती बेपत्ता, यातना, स्वेच्छाचारी नजरबन्द, महिला र बालिकाको अधिकारको ठूलो रोलब्याक, सेन्सरशिप र मिडिया विरुद्ध आक्रमणसहित मानवअधिकार उल्लङ्घन गरेको तथ्याङ्क सार्वजनिक भएका छन् ।

### युक्रेनको मानवीय अवस्थाबारे छलफल गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद्को आपतकालीन बैठक आह्वान

अमेरिका (न्यूयोर्क) ३ चैत (रासस-एएनआई) ।

बेलायत, अमेरिका, फ्रान्स, अल्बानिया, आयरल्याण्ड र नर्वे लगायत छ देशको अनुरोध पछि संयुक्त राष्ट्र सुरक्षा परिषद UNSC)को आकस्मिक बैठक बोलाइएको छ । बिहीबारको लागि बैठक बोलाइएको हो ।

"बेलायत र अल्बानिया, फ्रान्स, आयरल्याण्ड, नर्वे, र संयुक्त राज्य अमेरिको ले सुरक्षा परिषद्को बैठक बोलाएको छ ।

रुसले युद्ध अपराध गरिरहेको छ र सर्वसाधारणलाई निशाना बनाएको छ । युक्रेनमा रुसको गैरकानुनी युद्ध हामी सबैका लागि खतरा हो, संयुक्त राष्ट्रसंघका लागि बेलायतको स्थायी नियोगले आफ्नो ट्वीटरमा लेखेको छ बेलारुसमा भइरहेको वार्तामार्फत रुस र युक्रेनले वार्ताका माध्यमबाट समाधानका लागि निरन्तर प्रयास गरिरहेको बेला यो घटनाक्रम आएको हो ।

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले रुस र युक्रेनबीचको शान्ति वार्ता प्रगतिमा रहेको तर निकै कठिन रहेको बताएका छन् ।

"वार्ता अझै प्रगतिमा छ । वार्ता एकदमै कठिन छ, र वार्ताको वर्तमान अवस्था, म यो जारी छ भन्न चाहन्छु, "जेलेन्स्कीले बुधबार शान्ति वार्ताको स्थिति बारे सोध्दा उक्त टिप्पणी गरेका छन् ।

बुधवार चौथो चरणको वार्ता जारी रहँदा केही विवरणले युक्रेनी प्रतिनिधिमण्डलका सदस्यले दुई पक्ष अब सहमतिमा पुग्न इच्छुक रहेको भन्दै वार्ता केही प्रगतिमा पुग्ने सुझाव दिएको छ ।

### युक्रेन युद्धका कारण विश्वमै खाद्य असुरक्षा बढ्न सक्ने

संयुक्त राष्ट्रसंघ, ३ चैत (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसंघीय खाद्य कार्यक्रम फुड एण्ड एग्रिकल्चर अर्गनाइजेसन, एफएओका प्रमुख अर्थशास्त्रीले हाल युक्रेनमा जारी रहेको युद्धका कारण विश्वमा नै खाद्य असुरक्षा बढ्न सक्ने बताएका छन् ।

उनले रुस र युक्रेनका बीचमा जारी रहेको युद्धका कारण खाद्यान्नको अभाव बढ्न सक्ने चेतावानी दिएका समाचारमा जनाइएको छ । प्रमुख अर्थशास्त्री म्याक्सिमो टोरेरोले यो युद्धका कारण विश्वमा नै खाद्यान्नको मूल्य महंगो हुने र जसका कारण अभाव पनि हुनसक्ने बताउनुभयो ।

उहाँका अनुसार युरोपलगायतका क्षेत्रमा पछिल्लो यस युद्धले गर्दा खाद्यान्नको आपूर्तिमा कमी आउन सक्ने पनि उहाँले बताउनुभएको छ । यस युद्धका कारण चामल, गहुँ र मकैको मूल्यमा भारी मात्रामा वृद्धि हुनसक्ने अनुमान उहाँले गर्नुभएको छ ।

उहाँले भन्नुभएको छ, युद्धका अरु पनि असरहरु होलान् तर मलाई लाग्छ यसले खाद्यान्न उत्पादन, यसको आपूर्ति र उपलब्धतामा धेरै असर गर्ने देखिएको छ, खाद्यान्नको आपूर्ति र उपलब्धताको कुरा पेट्रोलियम पदार्थका कारण पनि महंगीमा असर गर्न सक्छ ।

संयुक्त राष्ट्रसंघीय मुख्यालय न्युयोर्कमा सम्वाददातासँग उहाँले सो धारणा राख्नुभएको हो । उहाँले यो युद्ध जति समय बढ्दै गयो त्यति नै खाद्यान्नको अभाव बढ्दै जाने अनुमान उहाँले गर्नुभएको हो । रुसले युक्रेनमा सैन्य आक्रमण जारी राखेको छ । तीन हप्तादेखि रुसले युक्रेनमा हमला जारी राखेको छ ।

# माओवादी केन्द्र नगर कमिटिद्वारा शुभकामना आदान प्रदान



**दैनिक समाचारदाता राजविराज, ३ चैत ।**

नेकपा (माओवादी केन्द्र) सप्तरीको राजविराज नगर कमिटिले बिहीबार होली पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

नेकपा (माओवादी केन्द्र) को राजविराज नगर कमिटीका अध्यक्ष तथा जिसस सदस्य रामगमन साहको अध्यक्षता तथा माओवादी केन्द्रका केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्ज अशोक कुमार मण्डल ( अमर)को प्रमुख आतिथ्य सम्पन्न कार्यक्रममा माओवादी केन्द्रका केन्द्रिय सदस्य सुर्यनाथ यादव, मधेश प्रदेश सदस्यद्वय महेश प्रसाद यादव, छेदी रजक, जिल्ला सदस्यहरु भुलाई राम, दिपेन्द्र माझी, जय प्रकाश यादव, मुकेश यादव, भगवती यादव, हरि नारायण महतो, मेख बहादुर तामाङ्, डा़ शिव नारायण यादव, डा़ देवनाथ यादव, डा. सुर्य प्रसाद यादव, पत्रकार देवराम यादव, प्रेस सेन्टर सप्तरीका अध्यक्ष दिनानाथ यादव, निर्वाचन समितिका सदस्य अभिनाश सिंह, नगरका उपाध्यक्ष भुपेन्द्र यादव, मधुसुदन यादव, संजय साह, रामवावु दास, बलराम यादव, सुगम्वर यादव, रामपृत मण्डल लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# चुनावका लागि गाउँ जान सांसदलाई एमाले अध्यक्षको निर्देशन

काठमाडौँ, ३ चैत (रासस) ।

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आसन्न स्थानीय तहको निर्वाचनका क्रममा गाउँगाउँका जनताको घरदैलोमा पुग्न सङ्घीय संसद्का आफ्ना सांसदहरुलाई निर्देशन दिनुभएको छ ।

सो पार्टीको संसदीय दलको बुधबार नयाँ बानेश्वरमा भएको बैठकमा अध्यक्ष ओलीले एमालेले पाँच दलीय गठबन्धनलाई एक्लैले प्रतिस्पर्धा गर्नुपर्ने भएकाले जनताका बीचमा पुगेर मत माग्न आग्रह गर्नुभएको हो ।

दलका प्रमुख सचेतक विशाल भट्टराईका अनुसार सरकारले हठात् सङ्घीय संसद्को अधिवेशन अन्त्य गराएको र समसामयिक विषयमा अध्यक्ष ओलीले निर्देशनात्मक मन्तव्य दिनुभएको थियो ।

भट्टराईले वडा, पालिका र जिल्ला तहमा अधिवेशन सम्पन्नसहित साङ्गठनिक र वैचारिकरूपमा चुस्त हुँदै उम्मेदवार चयनका लागि मापदण्ड तय गरिसकेको अवस्थामा स्थानीय तहको निर्वाचन सम्पन्न गर्न एमाले पूर्णरूपमा तम्तयार रहेको बताउनुभयो ।

उहाँले वर्तमान ‘विचार र सिद्धान्त नमिल्ने’ सत्ता गठबन्धनसँग प्रतिस्पर्धा गर्न एक्लै एमाले सक्षम रहेको जिकिर गर्दै हाल जनप्रतिनिधि रहेका र राम्रा काम गरेका तथा योग्यतम उम्मेदवारलाई सम्बन्धित कमिटीले सकेसम्म सर्वसम्मतरूपमा उम्मेदवार चयन गर्ने र ती कमिटीले नसकेमा माथिल्लो कमिटीले निर्णय दिने स्पष्ट गर्नुभयो ।

उहाँले एमालेबाहेकका दलले नै एमालेसँग प्रतिस्पर्धा गर्न गठबन्धन आवश्यक रहेको जनाउन थालेकाले समृद्धिको सोचसहित एमाले चुनावमा उत्रने बताउनुभयो ।

## *विभिन्न क्षेत्रबाट...*

हेरोइन बरामद गरिएको ब्यूरोद्वारा जारी सूचनामा उल्लेख छ ।

पक्राउपर्नेमा काठमाडौँ कागेश्वरी मनोहरा नगरपालिका-७ का ३३ वर्षीय विक्रम नगरकोटी, सोही ठाउँ बस्ने रोजन बस्नेत र ४६ वर्षीय माधवप्रसाद दाहाल छन् । यस्तै नगरकोटीसँग लागुऔषध कारोबारमा संलग्न रहेको खुलेपछि काभ्रेका ३० वर्षीय देवीसिंह तामाङलाई १७० मिलिग्राम खैरो हेरोइनसहित भक्तपुर चाँगुनारायणबाट पक्राउ गरेको जनाइएको छ । त्यस्तै मोरङको बेलबारीकी ३१ वर्षीय कविता गुरुङ र काभ्रेपलान्चोकका ३३ वर्षीय मिलन लामा पनि पक्राउ परेका छन् ।

गुरुङलाई लागुऔषध उपलब्ध गराउने सुनसरीका २२ वर्षीय मिथुनकुमार यादव र सोही ठाउँका प्रमोदकुमार सरदारलाई पनि पक्राउ गरिएको छ ।

यस्तै सिन्धुपाल्चोकका रोमन भण्डारी, दोलखाकी प्रज्ञा कार्की, भारतीय नागरिक मिजाहिद राजा र सिन्धुपाल्चोकका राजेश नेपाललाई काठमाडौँबाट पक्राउ गरिएको छ । उनीहरु सबैलाई लागुऔषध नियन्त्रण ऐन, २०३३ अन्तर्गतको कसुरमा आवश्यक अनुसन्धान भइरहेको ब्यूरोका प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

# संशोधित राष्ट्रिय प्रसारण नियमावली, २०७८ सच्याउन माग

काठमाडौँ, ३ चैत (रासस) ।

नेपालको सञ्चार क्षेत्रका जानकारहरुले हालैको ‘संशोधित राष्ट्रिय प्रसारण नियमावली, २०७८ ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्न खोजेको आरोप लगाउँदै त्यसलाई सच्याउन माग गरेका छन् ।

नेपाल पत्रकार महासङ्घ डिजिटल तथा अनलाइन विभागको आयोजना र अनलाइन टिभी पत्रकार सङ्घ नेपालको सहकार्यमा ‘संशोधित राष्ट्रिय प्रसारण नियमावली, २०७८ माथिको छलफलमा उनीहरुले सरकारले कानून निर्माण गर्दा सरोकारवालासँगको सुझावसहित निर्माण गर्ने विगतको अभ्यासलाई निरन्तरता नदिइ यस पटक यो नियमावली ल्याइएकामा आपत्ति पनि प्रकट गरे ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखेलले सरकारले निर्माणका क्रममा रहेका कतिपय ऐनले हालको समस्यालाई सम्बोधन गर्ने भए पनि सरकारले यो विवादास्पद नियमावली ल्याएको बताउनुभयो ।

तर सूचना तथा प्रसारण विभागका महानिर्देशक गोगनबहादुर हमालले भने सरकारले ल्याएको संशोधित राष्ट्रिय प्रसारण नियमावली, २०७८ का केही प्रावधानले कतिपय अस्पष्टता गरेको भन्दै त्यसलाई निर्देशिकामार्फत स्पष्ट पारिने बताउनुभयो । उहाँले यो नियमावली संसद्को विधायन समितिमा छलफल गरी मन्त्रिपरिषद्बाट जारी गरिएको भन्दै जनताको अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण गर्ने सरकारको नियत नरहेको बताउनुभयो ।

प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले नियमावलीमा देखिएका प्राविधिक समस्याहरुलाई सरोकारवालासँगको छलफल र सुझावका आधारमा सच्याउनुपर्ने धारणा राख्नुभयो ।

नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलले आफूहरु प्रेससम्बन्धी कानूनका पक्षमा रहेको भन्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता नियन्त्रण गर्ने कानून स्वीकार्न नसकिने बताउनुभयो । उहाँले सरकारले एकपछि अर्को गर्दै प्रेस नियन्त्रण गर्ने कानून निर्माण गरिरहेको भन्दै त्यसो नगर्न सरकारलाई आग्रह गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घका पूर्वसभापति तारानाथ दाहालले सञ्चारसम्बन्धी कानुन ल्याउँदा सरकारले प्रजातन्त्रको मूल्यमान्यतामा आँच आउँछ कि भनेर हेक्का राख्नुपर्ने बताउँदै यस्ता नियम तथा कानुनहरु सरोकारवालासँग छलफल गरेर जारी गर्नुपर्नेमा जोड दिनुभयो ।

अनलाइन टिभी पत्रकार सङ्घ, नेपालका अध्यक्ष जीवन भण्डारीले नियमावलीमा रहेको इन्टरनेट टिभीका लागि इजाजत लिनुपर्ने व्यवस्था खारेज हुनुपर्ने माग गर्दै अनलाइन टिभीको परिभाषा गलत रहेकाले त्यसलाई सच्याउनुपर्ने माग गर्नुभयो ।



होली पर्वको पूर्वसन्ध्यामा लोसपा नेपाल सप्तरी डाक्नेश्वरी नगरपालिका नगर कमिटिले जिल्लाको डाक्नेश्वरी नगरपालिकामा बिहीबार शुभकामना आदान प्रदान गर्दै । कार्यक्रममा लोसपाका यूवा नेता गजेन्द्र कुमार मण्डल लगायतले नेता कार्यकर्ताहरुलाई अविर दलेर शुभकामनाआदान प्रदान गर्दै । ***तस्बिर : राजविराज दैनिक***


फागु पर्व सभ्य रुपमा मनाऔं।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*